आकाशवाणी समाचार- नेपाली
मितिः ३० सितम्बर २०२४
समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले रोजगारको द्रुत परिवर्तनशील प्रकृति र गेमिङ, एनिमेसन र फिल्म निर्माण जस्ता रचनात्मक क्षेत्रहरूमा बढ्दो अवसरहरूमा जोड दिनु भएको छ।

२. जम्मू कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै व्यवस्था मिलाइएको छ।

३. जमैकाका प्रधानमन्त्री डा एन्ड्र्यु होलनेस चार दिने औपचारिक भ्रमणका लागि भारत आउँदै हुनुहुन्छ।

४. सेप्टेम्बर महिनामा विदेशी लगानीकर्ताहरुले हालसम्म भारतीय शेयर बजारमा ५७ हजार करोडभन्दा बढी लगानी गरेका छन्।

५. बिहारमा बाढको कारणले १६ जिल्लाका चार लाखभन्दा बढी मानिसहरु प्रभावित बनेका छन्। केन्द्र सरकारले बाढीको सामना गर्न बिहार सरकारलाई सबै सम्भव सहयोग गर्ने आश्वासन दिएको छ।

## पीएम- क्रिएट इन इंडिया

प्रधानमन्त्री नरेन्द्र मोदीले रोजगारीको द्रुत परिवर्तनशील प्रकृति र गेमिङ, एनिमेसन र फिल्म निर्माण जस्ता रचनात्मक क्षेत्रहरूमा बढ्दो अवसरहरूमा जोड दिनु भएको छ। आकाशवाणीमा आफ्नो मन की बात सम्बोधनमा, प्रधानमन्त्रीले भारतको सृजनात्मक प्रतिभाको अपार सम्भावनालाई जोड दिनुभयो र सिर्जनाकर्ताहरूलाई 'भारतमा सिर्जना गर्नुहोस्' विषय अन्तर्गत सूचना र प्रसारण मन्त्रालयद्वारा आयोजित 25 चुनौतीहरूमा भाग लिन आह्वान गर्नुभयो। आफ्नो सम्बोधनमा, उहाँले पहलकर्ताहरूलाई यी चुनौतीहरूमा भाग लिन wavesindia.org वेबसाइट भ्रमण गर्न प्रोत्साहन गर्नु भयो।यस अघि यस वर्षको २२ अगस्टमा केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा क्रिएट इन इन्डिया च्यालेन्जको पहिलो सिजन शुरु गर्नु भएको थियो। यो कार्यक्रम प्रधानमन्त्री नरेन्द्र मोदीको "डिजाइन इन इन्डिया, डिजाइन फर द वर्ल्ड" को दृष्टिकोणसँग सम्बद्ध छ। यी चुनौतीहरूमा भाग लिएर, आगामी विश्व अडियो भिजुअल र मनोरन्जन शिखर सम्मेलन (WAVES) को लागि तयारी गर्न सकिन्छ। सूचना तथा प्रसारण मन्त्रालयका अनुसार भारतको मिडिया र मनोरन्जन उद्योगलाई अगाडि बढाउन र निर्माता अर्थतन्त्रलाई प्रवर्द्धन गर्न विश्व श्रव्य दृश्य तथा मनोरञ्जन शिखर सम्मेलन आगामी वर्ष ५ देखि ९ फरवरीसम्म हुने भएको छ।

****** ० ******

## प्रधानमन्त्री - खर्गे

प्रधानमन्त्री नरेन्द्र मोदीले कांग्रेस अध्यक्ष मल्लिकार्जुन खर्गेसँग फोन गरेर उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिनु भएको छ। जम्मु कश्मीरको कठुआ जिल्लामा चुनावी सभालाई सम्बोधन गर्ने क्रममा श्री खर्गे बिरामी हुनु भएको थियो। प्रधानमन्त्री कार्यालयले सो जानकारी दिएको हो।विधानसभा निर्वाचनको तेस्रो तथा अन्तिम चरणको प्रचार प्रसारको अन्तिम दिन विशाल जनसभालाई सम्बोधन गर्ने क्रममा श्री खर्गे मञ्चबाट ढल्नु भएको थियो। चुनावी सभालाई सम्बोधन गरेपछि चक्कर आउनुको कारण पत्ता लगाउन कांग्रेस सभापतिको प्रारम्भिक स्वास्थ्य परीक्षण गरिएको थियो।

****** ० ******

## जम्मू कश्मीर मतदान व्यवस्था

जम्मू कश्मीरमा विधानसभा चुनावको तेस्रो र अन्तिम चरणको मतदानका लागि सबै व्यवस्था मिलाइएको छ। निर्वाचन शान्तिपूर्ण र सुचारु रुपमा सम्पन्न गर्नका लागि राज्यमा व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। यस चरणमा भोलि सात जिल्लाका ४० विधानसभा सिटमा मतदान हुँदैछ। जसमध्ये १६ सिट कश्मीर डिभिजनमा र २४ सिट जम्मु डिभिजनमा छन्। तेस्रो चरणको निर्वाचनको प्रचार प्रसार हिजो साँझ सम्पन्न भएको छ। यस चरणमा ३९ लाख १८ हजारभन्दा बढी मतदाताले ४१५ उम्मेदवारहरुको भाग्यको फैसला गर्नेछन्। भोलि बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म मतदान जारी हुनेछ।जम्मू कश्मीरमा तीन चरणमा विधानसभा चुनाव हुँदैछ। पहिलो चरणमा ६१ प्रतिशतभन्दा बढी मतदान भएको थियो भने दोस्रो चरणमा ५६ प्रतिशतभन्दा बढी मतदान भएको थियो। हरियाणासँगै जम्मू कश्मीरमा विधानसभा चुनावको मतगणना ८ अक्टोबरमा हुनेछ।

****** ० ******

## जमैका प्रधानमन्त्रीको भ्रमण

जमैकाका प्रधानमन्त्री डा एन्ड्रयु होलेस चार दिने औपचारिक भ्रमणका लागि आजदेखि भारत आउँदै हुनुहुन्छ। यो उहाँको पहिलो भारत भ्रमण हो र जमैकाका प्रधानमन्त्रीको पहिलो द्विपक्षीय भ्रमण हो। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदी र जमैकाका प्रधानमन्त्रीले पनि बहुपक्षीय बैठकको अतिरिक्त पनि भेट गर्नु भएको थियो। आफ्नो भ्रमणका क्रममा डा. होलनेसले प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नु हुनेछ र राष्ट्रपति र उप राष्ट्रपतिसँग पनि भेट गर्नु हुनेछ। यस अवधिमा, डा. होलनेसले अन्य विशिष्ट व्यक्तिहरूलाई भेट्ने र व्यापार र उद्योगका नेताहरूसँग अन्तरक्रिया पनि गर्नु हुनेछ। उहाँको भ्रमणका क्रममा द्विपक्षीय सहयोगलाई बढावा दिने विभिन्न समझदारी पत्रमा हस्ताक्षर हुने सम्भावना छ।भारत र जमैकाबीच बलियो ऐतिहासिक र सांस्कृतिक सम्बन्ध छ। यो दुबै देशको औपनिवेशिक विगत, लोकतन्त्रको मूल्य र स्वतन्त्रता र क्रिकेटको जोशमा झल्किन्छ। यस भ्रमणले जमैका र भारतबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउने, आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने र दुई देशबीचको दीर्घकालीन सम्बन्धलाई अझ प्रगाढ बनाउने अपेक्षा गरिएको छ।

****** ० ******

## MP-STARS परियोजना

शिक्षा मन्त्रालय भारत सरकारले देशका विद्यालयहरूको सुधारका लागि विश्व बैंकको सहयोगमा राज्यहरूका लागि स्ट्रेन्थेनिङ टिचिङ लर्निङ एन्ड रिजल्ट्स अर्थात स्टार्स परियोजना सञ्चालन गरिरहेको छ। स्टार्स परियोजना अन्तर्गत भोपालमा आजदेखि दुईदिने 'राष्ट्रिय ज्ञान आदान प्रदान कार्यशाला' आयोजना हुँदैछ।मध्य प्रदेश स्कूल शिक्षा सचिव डा संजय गोएलले जानकारी गराउनु भए अनुसार कार्यशालाको उद्घाटन मध्य प्रदेशका विद्यालय शिक्षामन्त्री उदय प्रताप सिंह र केन्द्रीय शिक्षा सचिव सञ्जय कुमारले गर्नु हुनेछ।

थप जानकारी हाम्रो संवाददाताबाट – **Byte**

****** ० ******

## स्टालिन केन्द्र पत्र

तमिलनाडुका मुख्यमन्त्री एमके. स्टालिनले विदेशमन्त्री डा एस. जयशंकरलाई तमिलनाडुका माछा मार्ने जालहारीहरुको पक्राउ रोक्न अनुरोध गर्नु भएको छ। उहाँले श्रीलंकाली अधिकारीहरूले पक्राउ गरेका सबै माछा मार्ने र उनीहरूका माछा मार्ने डुङ्गाहरूलाई रिहा गर्न सुनिश्चित गर्न बलियो र प्रभावकारी कूटनीतिक कदम चाल्न पनि विदेशमन्त्रीलाई आग्रह गर्नु भएको छ। केन्द्रीय मन्त्रीलाई लेखेको पत्रमा, उहाँले नेदुन्थिवु नजिकै श्रीलंकाली नौसेनाले पक्राउ गएको जालहारीहरु र तिनीहरूको माछा मार्ने डुङ्गाहरू कब्जा गरेको घटनालाई हाइलाइट गर्नु भयो। उहाँले उनीहरु यही महिनाको २८ तारिख रामेश्वरम माछा ल्यान्डिङ सेन्टरबाट माछा मार्न निस्केको बताउनु भयो।श्री स्टालिनले माछा मार्नेहरूलाई थुनामा राख्ने र उनीहरूको डुङ्गा जफतले तटीय समुदायहरूमा गम्भीर संकट र अनिश्चितता सिर्जना गरेको दोहोर्‍याउनु भयो। उहाँले माछा मार्ने गिरफ्तारी रोक्न बलियो र प्रभावकारी कूटनीतिक पहल थाल्न र पक्राउ परेका सबै माछा मार्ने जालहारीहरु र डुङ्गाहरुलाई श्रीलंकाली अधिकारीबाट तत्काल रिहा गर्न प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको पनि बताउनु भयो।

****** ० ******

**विदेशी पोर्टफोलियो लगानीकर्ता**

सेप्टेम्बर महिनामा विदेशी लगानीकर्ताहरुले हालसम्म भारतीय शेयर बजारमा ५७ हजार करोडभन्दा बढी लगानी गरेका छन्। डिपोजिटरी डाटाका अनुसार विदेशी पोर्टफोलियो लगानीकर्ता वा एफपीआईले इक्विटी बजारमा 57 हजार 3 सय 59 करोड रुपियाँ लगानी गरेका छन् जुन नौ महिनामा सबैभन्दा उच्च हो। उनीहरूले ऋण बजारमा पनि ८७७ करोड रुपियाँ लगानी गरेका छन्, जसले यस महिना भारतीय पुँजी बजारमा कुल शुद्ध लगानी ५८ हजार २ सय ३६ करोड रुपियाँमा पुऱ्याएको छ। यो भारतीय बजारमा लगातार तीन महिनाको शुद्ध प्रवाहपछि आएको हो।यो वर्ष हालसम्म विदेशी लगानीकर्ताहरुले भारतीय पूँजी बजारमा २ करोड १ लाखभन्दा बढीको खुद लगानी गरेका छन्। यस वर्ष अहिलेसम्म एफपीआईले सेयरमा १ लाख २४५ करोड रुपियाँ र ऋण बजारमा १ लाख ९ हजार २८५ करोड रुपियाँ लगानी गरेको छ।

****** ० ******

**बिहार बाढी**

बिहारमा कोसी, गण्डक, बागमती, महानन्द र कमल बालन लगायतका नदीहरू उर्लिएको कारणले धेरै ठाउँमा बाढी आएको छ। कोशी र गण्डक नदीबाट पानी छोडेपछि सुपौल, शहरसा, अररिया, किशनगञ्ज, मधुबनी, पश्चिम चम्पारण, पूर्वी चम्पारण र गोपालगञ्जका धेरै तल्लो क्षेत्र बाढीबाट प्रभावित भएका छन्। १६ जिल्लाका चार लाखभन्दा बढी मानिस बाढीबाट पीडित छन्। कोशी क्षेत्रमा भारत–नेपाल सीमाना नजिक आएको बाढीका कारण रेल सेवा प्रभावित भएको छ।

****** ० ******

**बिहार बाढी केन्द्र**

केन्द्र सरकारले बाढीको सामना गर्न बिहार सरकारलाई सबै सम्भव सहयोग गर्ने आश्वासन दिएको छ। केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले हिजो पटनामा बिहारको बाढीको अवस्थाको समीक्षा गर्नुभयो। श्री रायले भन्नु भयो, राष्ट्रिय आपदा प्रबन्धन बल-एनडीआरएफका 11 टोली राज्यका विभिन्न भागहरूमा तैनाथ गरिएको छ र आठ टोलीलाई रिजर्भमा राखिएको छ। केन्द्र सरकार राज्यका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रहेको उहाँले बताउनु भयो। केन्द्रीय मन्त्रीले आवश्यक परे वायुसेनाले बाढी पीडितलाई एयरलिफ्ट गर्न र राहत सामग्री उपलब्ध गराउन सहयोग गर्ने बताउनु भयो।

****** ० ******

**WFP - खाद्य सहायता**

विश्व खाद्य कार्यक्रम (WFP) ले लेबनानमा इजरायल र हिजबुल्लाह बीचको हालैको तनावबाट प्रभावित १० लाख मानिसहरूलाई खाद्य सहायता उपलब्ध गराउन आपतकालीन कार्य शुरु गरेको छ। डब्लुएफपीले जारी गरेको विज्ञप्तिमा एजेन्सीले देशभरका आश्रय स्थलहरूमा बस्ने परिवारहरूलाई खानका लागि तयार खाना, राशन, रोटी, तातो खाना र खाना पार्सलहरू वितरण गरिरहेको छ।

****** ० ******

**हक्की-जुनियर महिला च्याम्पियनशीप**

१४ औँ हक्की इन्डिया जुनियर महिला राष्ट्रिय च्याम्पियनशीप २०२४ आजदेखि झारखण्डको राँचीमा शुरु हुँदैछ। यस प्रतियोगितामा उपाधिका लागि २६ टोली भिड्नेछन्। प्रत्येक समूहको शीर्ष स्थानमा रहने टोलीले ७ अक्टोबरमा क्वार्टर फाइनल खेल्नेछन्। यसपछि सेमिफाइनल ९ अक्टोबरमा हुनेछ। सेमि फाइनलका विजेता टोलीले उपाधिका लागि फाइनलमा आमने सामने गर्नेछन् भने पराजित टोलीले १० अक्टोबरमा कास्य पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

****** ० ******

**इजरायल आक्रमण**

मध्य पूर्व द्वन्द्वमा नयाँ मोर्चा खोल्दै इजरायलले यमनमा हुथीको लक्ष्यमा शृंखलाबद्ध हवाई आक्रमण शुरु गरेको छ। इजरायलको सेनाले आइतवार आक्रमणको पुष्टि गऱ्यो र भनेको छ, तिनीहरूले इरान-सम्बन्धित हुथी आतंकवादीद्वारा इजरायल विरुद्ध गत दुई दिनमा हालै गरेको मिसाइल आक्रमणको प्रतिक्रियामा हमला गरेका थिए।इजरायली रक्षा बलहरूले इजरायली नागरिकहरूलाई सबै खतराहरू विरुद्ध अपरेसन जारी राख्ने आफ्नो दृढ संकल्पलाई जोड दिए। गत वर्ष हुथीहरूलाई इरानी निर्देशनमा

काम गरेको र क्षेत्रीय स्थायित्वलाई कमजोर पार्न र नेभिगेसनको विश्वव्यापी स्वतन्त्रतामा बाधा पुऱ्याउन इराकी मिलिसियाहरूसँग मिलेर काम गरेको आरोप छ।

****** ० ******